# स्थानीय राजपत्र

त्रिपुरासुन्दरी गाउँपालिका द्वारा प्रकाशित

खण्ड : ६, संख्या : १, मिति २०७९/१०/१० गते

भाग - १

त्रिपुरासुन्दरी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, पिस्कर, सिन्धुपाल्चोक, बागमती प्रदेश, नेपाल

नेपालको संविधानको धारा, २२१ को उपधारा (१) बमोजिम त्रिपुरासुन्दरी गाउँपालिको गाउँ सभाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम निर्मित तल उल्लेख भए बमोजिमको बिधेयक सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

**खानेपानी व्यवस्थापन बोर्ड ऐन, २०७९**

# खानेपानी व्यवस्थापन बोर्ड ऐन, २०७९

**प्रस्तावना**-त्रिपुरासुन्दरी गाउँपालिका भित्र खानेपानी तथा सरसफाइ सेवालाई नियमित, व्यवस्थित,गुणस्तरयुक्त र सुलभ बनाई यस क्षेत्रका बासिन्दालाई भरपर्दो सेवा प्रदान गराउने व्यवस्था गर्ने सम्बन्धमा खानेपानी व्यवस्थापन बोर्डको स्थापना र सञ्चालन गर्न वाञ्छनीय भएकोले,

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम खानेपानी व्यवस्थापन बोर्ड ऐन, २०७९ हुनेछ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा

क. "बोर्ड" भन्नाले दफा ३ बमोजिम गठन भएको बोर्ड सम्झनुपर्छ।

ख. "अध्यक्ष" भन्नाले बोर्डको अध्यक्ष सम्झनुपर्छ।

ग. "सदस्य" भन्नाले बोर्डको सदस्य सम्झनुपर्छ।

घ. "भौगलिक क्षेत्र" भन्नाले ऐनको दफा ५ बमोजिम तोकेको क्षेत्र सम्झनुपर्छ।

ङ. "प्राकृतिक पानी" भन्नाले सनातनदेखि ढुङ्गेधारा, कुवा, नदी, खोला, पोखरी, ताल वा सतही प्राकृतिक स्रोतबाट निकालिएको पानी सम्झनुपर्छ।

च. "खानेपानी सेवा" भन्नाले प्राकृतिक पानीलाई प्रशोधन तथा शुद्दिकरण गरि उपभोक्तालाई उपलब्ध गराउने काम सम्झनुपर्छ।

छ. "महशुल" भन्नाले सेवाप्रदायकले सेवा प्रदान गरेबापत उपभोक्ताबाट लिने महसुल सम्झनुपर्छ,

ज. “पानी सुरक्षा योजना” भन्नाले खानेपानीको मुहान, संरचनाहरु, पाइपलाइन तथा घरस्तरमा पानीको वितरणमा हुन सक्ने अवरोध,जोखिमको अग्रिम रुपमा पहिचान गरी सो हुन नदिनको लागि गर्नुपर्ने प्रतिरोधात्मक कार्य सम्झनुपर्छ ।

झ. ‘तोकिएको’ वा ‘तोकिए’ बमोजिम भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

## परिच्छेद -२

## बोर्डको गठन सम्बन्धी व्यवस्था

३. बोर्डको गठनः (१) स्थानीय सरकारले गाउँपालिकाको मातहतमा रहने गरी खानेपानी व्यवस्थापन गर्न सामाजिक विकास समितिको सिफारिसमा देहाय बमोजिम खानेपानी व्यवस्थापन बोर्ड गठन गर्नेछः

क. खानेपानीको क्षेत्रमा काम गरी अनुभव प्राप्त व्यक्ति- अध्यक्ष

ख. गाउँपालिकाले तोकेको एक जना महिला सहित दुइ जना - सदस्य

ग. खानेपानी समितिको प्रतिनिधि मध्येबाट वडा समितिको सिफारिसमा प्रत्येक वडाबाट एक जना गरी छ जना- सदस्य

घ. वातावरण तथा विपद् व्यवस्थापन समितिको संयोजक - सदस्य

ङ. खानेपानी तथा सरसफाइ प्राविधिक - सदस्य सचिव

२. सदस्यको योग्यताः(१) खानेपानी बोर्डको सदस्यको योग्यता देहाय बमोजिम हुनेछः

क. नेपाली नागरिक,

ख. १८ बर्ष पुरा भएको,

ग. खानेपानीको क्षेत्रमा काम गरी अनुभव प्राप्त गरेको,

घ. निज विरुद्ध कुनै फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको,

ङ. निज कुनै भ्रष्टाचार कसुर नठहरिएको।

४. बोर्डको पदावधिः (१) बोर्डका सदस्यहरुको पदावधि गठन भएको मितिले दुई बर्ष हुनेछ।

५. बोर्डको भौगलिक क्षेत्रः(१) बोर्डले कार्य गर्ने भौगलिक क्षेत्र गाउँपालिकाले निर्धारण गरेबमोजिम हुनेछ ।

६. पद रिक्त हुने अवस्थाः(१) बोर्डका सदस्यहरुको पद देहायको अवस्थामा रिक्त मानिनेछः

क. निजले लिखित राजीनामा दिएमा,

ख. निजको पदावधि समाप्त भएमा,

ग. निज कुनै फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएमा,

घ. निज विरुद्ध भ्रष्टाचारको कसुर ठहरिएमा,

ङ. निज बिना सूचना लगातर बोर्डको बैठकमा तीनपटक अनुपस्थित भएमा,

च. निजको मृत्यू भएमा।

७. बोर्डको बैठक र निर्णयः

(१) बोर्डको बैठक बर्षको कम्तीमा ६ पटक बस्नेछ। बैठकहरु बिचको फरक तीन महिना भन्दा बढी हुने छैन।

(२) बोर्डको बैठक अध्यक्षले तोकेको मिति समय र स्थानमा हुनेछ ।

(३) उपदफा २ मा जुनसुकै कुरा लेखिएतापनि बोर्डको पच्चीस प्रतिशत सदस्यले बोर्डको बैठक बोलाउन लिखित अनुरोध गरेमा बोर्डको बैठक बस्नुपर्नेछ।

(४) बोर्डको कुल सदस्य संख्याको पचास पतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बोर्डको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(५) बोर्डको बैठकको अध्यक्षता बोर्डको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरुले आफूमध्ये बाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(६) बोर्डको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

८. सदस्यको भत्ता र सुविधाः (१) सदस्यको भत्ता र सुविधा नियमानुसार तोकिए बमोजिम हुनेछ।

९. बोर्डको कर्मचारीः बोर्डमा काम गर्न आवश्यकता अनुसार कर्मचारी रहनेछ।

## परिच्छेद-३

## बोर्डको काम कर्तव्य र अधिकार

१०. **बोर्डको काम कर्तव्य र अधिकारः** (१) बोर्डको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क. खानेपानी सेवा प्रभावकारी रुपमा वितरण गर्ने ,

ख. खानेपानीको स्रोत, वितरण र सरसफाइ सम्बन्धी कार्य गर्ने ,

ग. खानेपानीको दुरुपयोग रोक्ने र खानेपानी प्रदुषित हुन नदिने ,

घ. खानेपानी आयोजनाको निरीक्षण,अवलोकन तथा मर्मत सम्भार सम्मको कार्य गर्ने ,

ङ. सेवा सञ्चालनको लागि आवश्यक पर्ने स्रोतको आकलन गरी अन्य आवश्यक कार्यहरु नियमानुसार गर्ने ,

च. नियमानुसार उपभोक्ताबाट लिने महशुलको दर निर्धारण गर्ने र महशुल उठाउने ,

छ. पानी सुरक्षा योजना सम्बन्धी कार्य गर्ने,

ज. सेवा प्रदान गर्दा उपभोक्तालाई पिर मर्का पर्न गएमा सो उपर सुनुवाइ गरी उपर्युक्त उपचार दिने ,

झ. गाउँपालिका , वडा समिति र सरोकारवालाहरुसँग समन्वय गरि आवश्यक कार्य गर्ने ,

ञ. सेवा सञ्चालनका लागि आवश्यक पर्ने तोकिएबमोजिमका अन्य काम गर्ने।

## परिच्छेद- ४
## बोर्डको कोष र लेखापरीक्षण

११. **बोर्डको कोष र छाप**:(१) बोर्डको आफ्नो एउटा छुट्टै कोष र छाप हुनेछ।

(२) बोर्डमा देहाय बमोजिमका रकम रहनेछन् :

क. गाउँपालिकाबाट प्राप्त रकम ,

ख. उपभोक्ताको महशुल बापत उठाइएको रकम ,

ग. अन्य गैर सरकारी संघ संस्थाहरुबाट प्राप्त रकम,

घ. अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(३) बोर्डको कोषमा जम्मा रहने रकम गाउँपालिका भित्रको कुनै बैंकमा खाता खोली जम्मा गरिनेछ र त्यस्तो खाताको सञ्चालन तोकिए बमोजिम खोलिनेछ।

१२. लेखा र लेखापरीक्षणः (१) बोर्डको आय व्ययको लेखा प्रचलित कानुन बमोजिम राखिनेछ।

(२) बोर्डको आय व्ययको लेखापरीक्षण गाउँपालिकाले नियुक्त गरेको इजाजत प्राप्त लेखापरीक्षकबाट हुनेछ।

(३) गाउँ कार्यपालिकाले चाहेमा जुनसुकै बखत बोर्डको लेखा तथा सो सँग सम्बन्धित कागजात जाँच्न वा जचाउन सक्नेछ।

## परिच्छेद – ५
## विविध

१३. निर्देशन दिन सक्नेः खानेपानी तथा सरसफाइको गुणस्तर कायम गर्ने, वितरण प्रणाली प्रभावकारी बनाउने सम्बन्धमा गाउँ कार्यपालिकाले बोर्डलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालन गर्नु बोर्डको कर्तव्य हुनेछ।

१४. बार्षिक प्रतिवेदन पेश गर्नुपर्नेः (१) बोर्डले आर्थिक बर्ष समाप्त भएको मितिले दुइ महिना भित्र गाउँपालिकामा बार्षिक प्रतिवेदन बुझाउनुपर्नेछ।

१५. नियम वा कार्यविधि बनाउन सक्ने:  यस ऐनको उद्धेश्य कार्यान्वयन गर्न गाउँकार्यपालिकाले आवश्यक नियम वा कार्यविधि बनाउन सक्नेछ ।